**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २६ मई २०२४

समयः १८:५० - १६:०० बजे

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले गुजरात अनि दिल्लीमा भएको दुखद आगलागीको घटनाहरुमा ज्यान गुमाउने मृतकहरुका परिवारहरुका लागि सहायता राशि घोषणा गर्नु भएको छ।
२. बङ्गालको खाडीमा उठेको चक्रवाति तुफान रुमेलबाट बाँच्नलाई राज्य प्रशाशनले आवश्यक तयारीहरु गरिसकेको छ।
३. सञ्चार मन्त्रालयले एउटा विज्ञप्ति जारी गर्दै दूरसंचार सेवा प्रदाताहरुलाई अन्तर्राष्ट्रिय फर्जी कल रोक्न निर्देशन दिएको छ।
४. प्रधानमन्त्री नरेन्द्र मोदीले ७७ औँ कान्स फिल्म फेस्टिभलमा ऐतिहासिक उपलब्धि हासिल गरेकोमा फिल्म निर्माता पायल कपाडियामाथि देशलाई गर्व लागेको बताउनु भएको छ।
५. विश्व संवाद केन्द्र मिरिकको आयोजनामा आज मिरिक स्थित भूतपूर्व सैनिक भवनमा देब ऋषि नारद जयन्ती तथा पत्रकार अलंकरण समारोह सम्पन्न भयो।

**चक्रवात रूमेल**

बंगालको खाड़ीमा उठेको चक्रवाती तूफान रेमलको प्रभावबाट राज्यको तटीय क्षेत्रहरूमा वर्षा शुरू भएको छ। आज बेलुकी ३ बजेर ३० मिनट पछि पश्चिम बंगालको पूर्व अनि पश्चिम मेदिनीपुर, हावड़ा, हुगली, उत्तर अनि दक्षिण २४ परगना तथा कलकतामा वर्षाको शुरूआत भएको छ। मौसम विभागले बताएको छ, पूर्व अनि पश्चिमी मेदिनीपुर तथा उत्तर अनि दक्षिण २४ परगनामा वर्षासितै ५०-६० किलोमीटर प्रति घण्टाको वेगले हावा चलिरहेको छ। रेमल चक्रवाती तूफान पश्चिम बंगाल अनि बांगलादेशको तटीय क्षेत्रहरूतर्फ बढ़िरहेको छ अनि मध्य रातमा जमिनसित ठोकिने सम्भावना रहेको छ। चक्रवातबाट राज्यका राजधानी कलकता बाहेक समुद्र तटीय जिल्ला हावड़ा, हुगली, उत्तर र दक्षिण २४ परगना तथा पूर्व र पश्चिम मेदिनीपुरमा नोकसानको आशंका सबैभन्दा धेरै रहेको छ। यी क्षेत्रहरूमा १३५ किलोमीटर प्रति घण्टाको बेगले तीव्र आन्धी तूफानको साथ भारी पानी पर्नसक्छ। विभागको चेताउनीपछि राज्य आपदा राहत बल (एसडीआरएफ)-का साथै एन.डी.आर.एफ-को दल बचाउ अभियानको निम्ति बंगाल पुगिसकेको छ। एनडीआरएफको १२ टुक्री पश्चिम बंगाल पुगेको छ। भारतीय वायु सेना, नेवी र कोस्ट गार्ड पनि राहत र बचाउको निम्ति तत्पर छ। राज्य प्रशासनले पनि ज्यान-मालको क्षतिदेखि बाँच्नको निम्ति सबै आवश्यक तयारीहरू पूरा गरिसकेको छ। राज्य सचिवालय नवान्नमा कन्ट्रोल रूम शुरू गरिएको छ भने कोलकाता पुलिसले पनि कन्ट्रोल रूम बनाएको छ। चक्रवात तूफानलाई ध्यानमा राख्दै कलकता एयरपोर्टले आफनो सबै हवाई उड़ानहरू २१ घण्टाको निम्ति रद्द गरिदिएको छ।

यसै बीच भारतीय नौ सेनाले चक्रवातको मध्य नजर तत्काल अनि प्रभावी सहायताको निम्ति कार्यवाही शुरू गरेको छ। भारतीय नौसेनाले आफनो तयारीहरूमा प्रभावित मानिसहरूको सुरक्षा अनि बचावको निम्ति आपदा राहत अनि चिकित्सा सहायता सामग्री भएको दुइवटा जहाज तयार राखेको छ। यसको अतिरिक्त सी-किंग, चेतक हेलिकप्टर अनि डोर्नियर विमानहरूलाई कुनै पनि आपदासित जुझ्नको निम्ति तयार गरिएको छ। सहायता उपकरणहरूको साथ विशेष गोताखोरका दल कलकता अनि विशाखापट्टनमा तैनाथ गरिएको छ।

****** ० ******

**आगो- प्रधानमन्त्री**

दिल्लीको विवेक विहार क्षेत्रको बाल अस्पतालमा हिजो अबेर राती भएको भीषण आगलागीमा ६ नवजात शिशुको मृत्यु भएको छ भने अन्य धेरै घाइते भएका छन्। घाइते शिशुहरुको चिकित्सा विभिन्न अस्पतालहरुमा चलिरहेको छ। यसरी नै गुजरातको राजकोट शहरको टीआरपी गेमजोनमा हिजो साँझ भएको भीषण आगलागीमा परी ज्यान गुमाउनेहरुको संख्या १६ पुगेको छ। आगलागीबारे अनुसन्धान गर्न विशेष टोली गठन गरिएको छ। आगलागीमा घाइतेहरुको अस्पतालहरुमा चिकित्सा चलिरहेको छ। यसै बीच राष्ट्रपति, उपराष्ट्रपति अनि प्रधानमन्त्रीले आगलागीमा नानीहरुले ज्यान गुमाएकोमा गहिरो दुःख व्यक्त गर्नुभएका छन्। आज प्रधानमन्त्री नरेंद्र मोदीले गुजरात अनि दिल्लीमा भएको दुःखद आगलागीको घटनाहरुमा ज्यान गुमाउने मृतकहरुका परीवारहरुका लागि सहायता राशीको घोषणा पनि गर्नुभएको छ। प्रधानमन्त्री कार्यालयले एउटा सोशल मीडिया पोस्टमा भन्नुभयो कि प्रत्येक मृतकको निकटतम परिजनलाई प्रधानमन्त्री राष्ट्रीय राहत कोषबाट दुइ-दुइ लाख रुपियाँको अनुग्रह राशि प्रदान गरिनेछ। घायलहरुलाई ५०-५० हजार रुपियाँ दिइने घोषणा पनि प्रधान मन्त्रीले गर्नुभएको छ।

## पीएम रैली- मिर्जापुर

प्रधानमन्त्री अनि भारतीय जनता पार्टीको वरिष्ठ नेता नरेन्द्र मोदीले देशको जनताले असल सोंच अनि नीतिहरुको कारण तेस्रो पटक भाजपा-एनडीएको सरकार बनाउने निर्णय गरेको दावी गर्नु भएको छ। उहाँले आईएनडीआईए गठबंधनको आलोचना गर्नुहुँदै यस गठबन्धनलाई साम्प्रदायिक अनि जातिवाद बताउनुभएको छ।

****** ० ******

## दूरसंचार निर्देश

सरकारले दूरसंचार सेवा प्रदाताहरुलाई अंतर्राष्ट्रीय फर्जी फोन कल रोक्ने निर्देश दिएको छ। संचार मन्त्रालयले एउटा विज्ञप्तिमा भनेको छ कि जालसाजहरुले भारतीय नागरिकहरुलाई भारतीय मोबाइल फोन नम्बर देखाएर अन्तर्राष्ट्रीय फर्जी फोन कल गरिरहेका छन्। यी फोन कह्लहरुद्वारा साइबर अपराध अनि वित्तीय धोखाधड़ी गरिन्दैछ। विज्ञप्तिमा भनिएको छ कि दूरसंचार विभागसित मिलेर दूरसंचार सेवा प्रदाताले अन्तरराष्ट्रीय फर्जी कलहरुलाई चिन्हित गर्न अनि यी कलहरुलाई कुनै पनि भारतीय दूरसंचार ग्राहक सम्म पुग्न देखि रोकनमा सहायता गर्नका लागि एउटा प्रणाली तैयार गरिएको छ।

****** ० ******

## प्रधानमन्त्री कान्स

प्रधानमन्त्री नरेन्द्र मोदीले ७७ औँ कान्स फिल्म फेस्टिभलमा ऐतिहासिक उपलब्धि हासिल गरेकोमा फिल्म निर्माता पायल कपाडियामाथि देशलाई गर्व लागेको बताउनु भएको छ। कपाडियाको फिल्म अल वी इम्याजिन एज लाइट-ले यस महोत्सवमा ग्राण्ड प्रिक्स अवार्ड प्राप्त गरेको छ। भारतको फिल्म एण्ड टेलिभिजन इन्स्टिच्युटको पूर्व छात्र पायल कपाडियाको प्रतिभा विश्व स्तरमा महत्वपूर्ण रहेको र उनले भारतको समृद्ध संस्कृतिलाई नयाँ दिशा दिइरहेको प्रधानमन्त्रीले बताउनु भएको छ।

****** ० ******

## नारद पुरस्कार

विश्व सम्बाद केन्द्र मिरिकको आयोजनामा आज मिरिक स्थित भुतपुर्व सैनिक भवनमा देब ऋषि नारद जयन्ती तथा पत्रकार अलंकरण समारोह सम्पन्न भयो। साहित्यकार राजबहादुर राईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मुख्य अतिथि दधिराम घिमिरे उपस्थित रहेका थिए। समारोहको पहिलो चरणमा दीप प्रज्ज्वलन गरियो भने आकाशवाणी खर्साङ्का समाचार एकांश प्रभारी अशोक चौरासीयाकी ममतामयी माताको दुःखद निधनमा दुई मिनटको मौन धारण गरियो। यस अवसरमा मुख्य अतिथि अनि समारोह अध्यक्षको बाहुलीबाट पत्रकार प्रवेश हाङखिमलाई देब ऋषि नारद पुरस्कारद्वारा सम्मानित गरियो।

****** ० ******

## मालदा- तस्करी

नारकोटिक्स कन्ट्रोल ब्यूरो (एनसीबी)-ले अन्तर्राज्यीय तस्करी गिरोहका दुइजना आरोपितहरुलाई आज दुइ करोड़ रुपियाँको ब्राउन शुगरको साथमा गिरफ्तार गरेको छ। दुवै आरोपितहरुलाई मालदा जिला अदालतमा पेश गरी पुलिस रिमांडको मांग गरिएको छ। गिरफ्तार आरोपितहरुमा एक मालदाको अनि दोस्रो उत्तर दिनाजपुरको इस्लामपुरका निवासीहरु रहेको बताइएको छ। सूत्र अनुसार, गुप्त सूचनाको आधारमा एनसीबीको एउटा दलले मालदाको रथबाड़ी क्षेत्रमा हिज राती छापेमारी गरी यी दुइ आरोपितहरुलाई गिरफ्तार गरेको हो। जफ्त ब्राउन शुगरको अनुमानित बाजार मूल्य दुइ करोड़ रुपियाँ रहेको बताइएको छ।

****** ० ******

## मिरिक पर्यटन

मिरिक पर्यटन केन्द्र घुम्न आउने पर्यटकहरुले अबउसो थप पर्यटकीय आकर्षणको रुपमा यहाँको आले जंगलमा इको पार्क पाउने भएका छन्। आले खेल मैदान देखि केही पर मुख्य सडकमार्ग नजिक रहेका बाक्लो धुपीको जंगलबाट रमिते डाडा सम्म बन बिभागको बिशेष पहलमा इको पार्कको निर्माण कार्य शुरु भएको छ। यस इको पार्कमा ट्री हाउस, लगायत विभिन्न पर्यटकीय सुबिधा उपलब्ध रहने जानकारी बिभागका बिट अफिसर वसन्त तामाङ्ले दिनुभएको छ। मिरिक आगमनको समय पर्यटकहरुले धुपीको जङ्गल माझ पैदल यात्रा गर्दै प्रकृतिको मनोरम दृश्य अवलोकन सहित महत्त्वपूर्ण समय बिताउन सकोस् भन्ने उदेश्यले यो पार्क निर्माण भईरहेको बताउनु भएको छ। यस कार्यलाई पश्चिम् बङाल र जोइन्ट फरेस्ट मेनेजमेन्ट कमिटिले पुर्ण सहयोग गरोरहेको कमिटीका कार्याकारी सदस्य बिजय राईले बताउनु भएको छ। उहाले इको पार्क परिसरमा

स्थानीय स्वनिर्भर समूहद्वारा गोर्खा जातीय खानपिन, पुष्प प्रदर्शनी लगायतका विभिन्न पसलहरु राखी पर्यटकहरुलाई सेवा प्रदान गरिने जानकारी दिनुभएको छ।

****** ० ******

**अलिपुरद्वार- पूजा-विवाह**

अलिपुरद्वार जिल्लाको तसाती चिया बगानमा आज सरहुल पूजा साथै सामूहिक विवाहको आयोजन गरियो। राजी पड़हा सरना प्रार्थना सभा भारतको पहलमा फालाकाटा खण्डको तसाती चिया बगान नंगडाला लाइनको एस एस के विद्यालयको मैदानमा एउटा सामूहिक विवाहको आयोजन गरेएको थियो। यस अघि एउटा रैली आयोजित गरी आदिवासी महिलाहरुले पूजा-अर्चना शुरू गरे। पूजा-अर्चना पछि सामूहिक विवाहको आयोजन गरियो। विवाह समारोहमा विभिन्न क्षेत्रहरुबाट आएका चार वटा जोड़ीहरु शामिल थिए। विवाहको पूरा खर्च समिति द्वारा वहन गरिएको बताइएको छ।

****** ० ******

**दुर्घटना**

राष्ट्रिय राजमार्ग-३१ मा आज भएको भयानक सड़क दुर्घटनामा परी एकजना व्यक्तिको मृत्यु भएको छ भने एकजना गम्भीर रूपमा घाइते भएका छन्। घटना आज राष्ट्रिय राजमार्ग-३१ चौपथी संलग्न रायडक सेतु क्षेत्रमा घटेको हो।

****** ० ******

************